राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३३८ | २०८३ भाद्र ४ गते बिहिवार | (Thursday, 20 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### तीन वर्षीया बालिकामाथि कहालिलाग्दो अपराध

# चकलेट खुवाएर बलात्कार, घाँटी कसेर हत्या

दिवाकर भण्डारी

*सिमरा, भाद्र ३ गते ।*

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ भक्तीटोलस्थित एक घरमा मृत भेटिएकी तीन वर्षीया बालिका गरिमा (गढिमा) चौधरीको बलात्कारपछि हत्या भएको पुष्टि भएको छ । साउन ३१ गते घर अगाडी खेल्दै गरेको अवस्थामा बेपत्ता भएकी बालिकाको शव मंगलबार साँझ फेला परेको हो ।

घटनास्थल र शवको अवस्थाबाट हत्याको निष्कर्षमा पुगेको प्रहरीले शव भेटिएको केही समयमै घटनामा संलग्न एक १६ वर्षीय बालकलाई पक्राउ गरेको छ । पक्राउ परेका बालकले आफूले नै गरिमाको बलात्कार र त्यसपछि हत्या गरेको स्वीकार गर्दै घटनाबारे जानकारी दिएका छन् ।

प्रहरीका अनुसार पक्राउ परेका बालक जीतपुरसिमरा उपमहानगरपालिका-२ का हुन्। उनी जीतपुरसिमरा-१ दसधुरेस्थित प्रोग्रेस चौधरीले चलाउने म्याजिक गाडीमा सह-चालकको रुपमा काम गर्थे । १० दिनअघि मात्रै चौधरीको म्याजिकमा काम गर्न थालेका बालकले गरिमालाई फकाउँदै लगेर बलात्कार र हत्या गरेको स्वीकार गरेका छन् ।

घटनाको दिन मनोज चौधरीकी कान्छी छोरी गरिमा करिब एक सय मिटर टाढा रहेको प्रोग्रेसको घरमा गएकी थिईन् । सधैंझैं प्रोग्रेसको पाँच वर्षीया






छोरीसँग खेल्न गएका बेला गरिमा बेपत्ता भएकी हुन् । घटना हुँदा बालिकाको बुवा मनोज अमलेखगञ्जमा वेल्डिङ काम गर्न निस्किसकेका थिए । आमा मनमती आफ्नै घरमा थिइन् ।

सधैंझैं खेलेर फर्कनेमा ढुक्क रहेकी मनमतीले त्यसदिन गरिमा नफर्किएको र प्रोग्रेसको घरमा समेत नदेखेपछि खोजी सुरु गरिन् । केही बेर खोज्दा समेत नभेटिएपछि परिवार र स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले गरिमा वेपत्ता भएको स्थानलाई केन्द्रीत गरेर खोजी गरिरहेको थियो ।

हराएकी बालिकाको अवस्था पत्ता लगाउन प्रहरीले वरपरको सिसिटिभी फुटेज जाँच गर्नुका साथै नजिकको जंगल तथा बजार क्षेत्रमा विभिन्न टोली परिचालन गर्दै आएको थियो । खोजीकै क्रममा बेपत्ता भएको स्थानभन्दा दक्षिणतर्फको एक सुनसान घरमा मंगलबार साँझ बालिकाको शव अर्धनग्न अवस्थामा भेटियो । उक्त घरबाट गन्ध आएपछि झ्यालबाट हेर्दा बालिकाको शव देखेर प्रहरीलाई खबर गरेको स्थानीयले बताए ।

शव फेला परेलगत्तै प्रहरीले अनुसन्धानका लागि वीरगन्जबाट तालिमप्राप्त कुकुर झिकायो। बालिकाको लुगा सुँघेर घटनास्थलबाट निस्किएको तालिमप्राप्त कुकुर केहीबेरपछि प्रोग्रेसकै घर वरपर पुगेर रोकियो । प्रहरीले शंकाको आधारमा बालकलाई तत्कालै नियन्त्रणमा लिई सोधपुछ थाल्यो । सोधपुछका क्रममा बालकले बालिकालाई चकलेट खुवाउँदै फकाएर उक्त घरसम्म लगेको र बलात्कारपछि हत्या गरेको कहालिलाग्दो बयान दिंदा प्रहरी समेत चकित बनेका थिए । प्रोग्रेसको घर अगाडी खेल्दै गरेकी बालिकालाई बालकले चकलेट खाने भन्दै लिएर हिंडेका थिए । उनले नजिकैको पसलबाट १० रुपैयाँको चकलेट किनेर बालिकालाई दिए । चकलेट पाएपछि अवोध बालिका उनको पछिपछि उक्त घरमा पुगिन् । जुन घर पाँच महिनादेखि खाली र सुनसान थियो। खाली र खुला रहेको उक्त घरको विषयमा जानकार रहेका बालकले बालिकालाई त्यही घरमा लैजाने मनशाय बनाईसकेका थिए ।

उक्त घरभित्र लगिसकेपछि बालिकामाथि जबरजस्ती करणी गरेको र सो समयमा अचेत भएकी बालिकाको घाँटीमा डोरीले कसेर आफू निस्किएको बयान बालकले प्रहरीलाई दिएका छन् । त्यसको केहीबेर पछि उनी फेरि त्यही सुनसान घरमा पुग्छन् । त्यहाँ बालिकालाई मृत देखेपछि घाँटीको डोरी खोलेर नजिकै रहेको तन्नाले छोपेर उनी प्रोग्रेसको घरमा फर्कन्छन् । घटनास्थलको अवस्था र बालकले दिएको बयान मिल्दोजुल्दो भएपछि उनैबाट हत्या भएको निष्कर्ष प्रहरीले निकालेको छ ।

यता बेपत्ता भएको खबर फैलँदै थियो। प्रहरी, परिवार र स्थानीयले बालिकाको खोजी सुरु गरिसकेका थिए । बालक पनि अनविज्ञ बन्दै बालिकाको खोजी गर्ने टोलीमै देखिन थाल्छन् । आफ्नो अपराध लुकाउन बालिकाको खोजीमा सहयोग गरेझैं गरेका बालक अन्ततः प्रहरीबाट उम्कन सक्दैनन् । प्रहरीले पक्राउ गरेपछि उनले आफ्नो अपराध स्वीकार गरेका हुन् । बयानका क्रममा बालकले घटनापछि आफूले गलत गरेको महसुस भएको र डरका कारण लुकाउन खोजेको बताएका छन् । बलात्कार गरेको पुष्टि भएपछि प्रहरीले उनको स्वास्थ्य परिक्षण गरी हिरासतमा राखेको छ भने म्याजिकका चालक चौधरीलाई समेत नियन्त्रणमा लिएको छ ।

प्रहरीले पक्राउ परेका दुबै जनालाई बुधबार सार्वजनिक समेत गरेको छ । उनीहरुलाई बारा जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए । प्रहरी उपरीक्षक कुँवरले पक्राउ परेकामाथि जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्धामा कारवाही प्रक्रिया अघि बढाइएको बताए । घटनाको विरोधमा स्थानीयले पथलैया-वीरगन्ज सडकखण्डस्थित दसधुरे क्षेत्रमा दिनभर

- *बाँकी पृष्ठ ३ मा*

# बिजुली महसुल घटाउने सरकारको तयारी

द पब्लिक टुडे समाचारदाता

*गौशाला, भाद्र ३ गते ।*

सरकारले बिजुलीको महसुल घटाउने गृहकार्य थालेको छ । विद्युत महसुलमा भ्याट लागू भएर चौतर्फी विरोध सुरू भएपछि सरकारले महसुल घटाउने तयारी थालेको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको प्रस्तावमा १३ साउनमा विद्युत महसुल दरको पुनरावलोकन गर्न समिति गठन गरेको नेपाल विद्युत प्राधिकरणले उपभोक्ता र उद्योगहरूलाई सहुलियत दरमा बिजुली उपलब्ध गराउने गृहकार्य अगाडि बढाएको हो ।

मन्त्रालयले प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा समिति गठन गरिसकेको छ । समितिमा ऊर्जा मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, ऊर्जा विज्ञ, उपभोक्ता र वित्त विज्ञहरू सदस्य छन् ।

बिजुलीको पैसा घटाउने उपायबारे व्यापक छलफलमा जुटेको मन्त्रालय स्रोतको भनाइ छ । संयोजक शाहीले हाल वर्षायाममा उत्पादित विद्युत् बढी भइ खेर गइरहेको




अवस्थालाई मध्यनजर गर्दै आन्तरिक खपत बढाउन महसुल पुनरावलोकन गर्न लागिएको बताए । वर्षायाममा विद्युत् खेर जाँदा प्राधिकरणले मासिक अर्बौं रुपैयाँ नोक्सानी बेहोर्नु परिरहेको भन्दै उनले 'सिजनल ट्यारिफ' मार्फत उपभोक्ता र उद्योगहरूलाई सहुलियत दरमा बिजुली उपलब्ध गराई खपत बढाइने बताए । सञ्चालक समिति सदस्य अंशुकिरण शाहीकाअनुसार उद्योगहरूलाई पनि सहुलियत दिने तयारी छ । उद्योगलाई वर्षायामको बिजुली सस्तो बनाउँदा उनीहरूले उत्पादन गर्ने सामानहरू उपभोक्तालाई कति सस्तोमा दिन सक्छ भनेर समन्वय पनि भइरहेको छ ।

'सिजनल ट्यारिफ गर्दा पैसा कसरी घटाउन सकिन्छ भनेर छलफलमा छौं,' सञ्चालक समिति सदस्य शाहीले भने, 'वर्षायामको सिजनल ट्यारिफ सस्तो हुँदा उद्योगहरूले पनि आफ्नो उत्पादनमा उपभोक्तालाई कसरी सहुलियत दिन्छ भनेर पनि छलफल भइरहेको छ । हामी छिटै निर्णय गर्छौं ।' सरकारले बिजुलीको कर बढाएको भनेर आलोचना भइरहेका बेला ऊर्जा मन्त्रालय उपभोक्तालाई सहुलियत दिने उपाय खोजिरहेको छ । समिति बनाएर गृहकार्यमा लागिरहेको छ ।

# सर्लाहीमा ३०० किलो गाँजा बरामद



द पब्लिक टुडे समाचारदाता

*गौशाला, भाद्र ३ गते ।*

सर्लाही जिल्लाको कौडेना गाउँपालिकाबाट प्रहरीले ठुलो परिमाणमा अवैध लागुऔषध गाँजा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको विशेष टोलीले कौडेना गापा १, लक्ष्मीपुरस्थित एक घरबाट करिब ३०० किलोग्राम गाँजा बरामद गरेको हो ।

विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले भदौ २ गते राति करिब १०:१५ बजे स्थानीय बिजन पटेलको घरमा खानतलासी गरेको थियो । टाली र बाँसले बनेको भुस राख्ने घरभित्र लुकाएर राखिएको १५ वटा बोरामा उक्त परिमाणको गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक वेद प्रसाद गौतमका अनुसार, बरामद गरिएको गाँजा कसको हो भन्ने विषयमा थप अनुसन्धान भइरहेको छ । प्रहरी टोली पुग्दा घरधनी बिजन पटेल फरार रहेकाले उनको खोजी कार्य तीव्र पारिएको छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकिय............

# योजना होइन, परिणाममुखी कार्यान्वयन

सरकारी  मधेस प्रदेश सरकारले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न अघि सारेको रणनीतिक योजना सकारात्मक र प्रशंसनीय पहल हो । सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै अनावश्यक खर्च नियन्त्रण गर्ने, सरकारी सम्पत्तिको दुरुपयोग रोक्ने तथा बजेटलाई परिणाममुखी बनाउने प्रयासले सुशासनको आधार बलियो बनाउन सक्छ । जनताको करबाट संकलित रकमको विवेकपूर्ण उपयोग गर्नु सरकारको दायित्व पनि हो ।

विशेषगरी अनावश्यक भ्रमण, बैठक, कार्यक्रम तथा सरकारी स्रोतसाधनको प्रयोगमा नियन्त्रण गर्ने, स्वीकृत बजेटको सीमाभित्र रहेर मात्र खर्च गर्ने र प्राथमिकताप्राप्त क्षेत्रमा स्रोत केन्द्रित गर्ने नीति स्वागतयोग्य छ । यसले सरकारी खर्चप्रति जनताको बढ्दो असन्तुष्टि कम गर्न र सार्वजनिक प्रशासनमा वित्तीय अनुशासन कायम गर्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । तर नीति र योजना घोषणा गर्नु मात्र पर्याप्त हुँदैन । यसको वास्तविक मूल्यांकन कार्यान्वयनबाट हुन्छ । विगतमा पनि खर्च कटौती, मितव्ययिता र सुशासनका नाममा अनेकौं निर्णय भएका छन्, तर व्यवहारमा अपेक्षित परिवर्तन नदेखिएका उदाहरण प्रशस्त छन् । त्यसैले यसपटक सरकार घोषणामा होइन, परिणाममा खरो उत्रिन आवश्यक छ ।

सरकारी निकायले मितव्ययिताको नाममा अत्यावश्यक सेवा र विकासका काम प्रभावित पार्ने होइन, अनुत्पादक तथा फजुल खर्चलाई निर्ममतापूर्वक नियन्त्रण गर्नुपर्छ । साथै, निर्णय कार्यान्वयन भए-नभएको नियमित अनुगमन, खर्चको सार्वजनिक परीक्षण र जिम्मेवार पदाधिकारीमाथि जवाफदेहिता सुनिश्चित गरिनुपर्छ ।

मधेस प्रदेश सरकारको यो पहल कागजमा सीमित नभई सरकारी कार्यालयको कार्यशैली, खर्च प्रणाली र सेवा प्रवाहमै देखिने परिवर्तनको आधार बन्नुपर्छ । जनताले सरकारको मितव्ययिता भाषणमा होइन, विकासको गुणस्तर, सेवाको प्रभावकारिता र सार्वजनिक धनको सदुपयोगमा अनुभूति गर्न पाउनुपर्छ। योजना बनाउनु सुरुवात हो, त्यसको इमानदार र परिणाममुखी कार्यान्वयन नै सुशासनको वास्तविक परीक्षा हो ।

## राशिफल

मेष - रमाइलो यात्रा हुनेछ ।
वृष - सम्मान पाइने समय छ ।
मिथुन - सुखमा रमाउने समय छ ।
कर्कट - आम्दानी पनि राम्रै हुनेछ ।
सिंह - मुक्त रही विश्राम पाइनेछ ।
कन्या - ईर्ष्या गर्नेहरूले हार खानेछन् ।
तुला - लाभ हुने काम प्रारम्भ हुनेछ ।
वृश्चिक - शत्रुहरू परास्त हुनेछन् ।
धनु - कार्य शुभारम्भ गर्ने समय छ ।
मकर - सकारात्मक संकेत प्राप्त हुनेछ ।
कुम्भ - प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ ।
मिन - पढाइलेखाइमा प्रगति हुनेछ ।

# राहदानी ऐन संशोधन विधेयक : के–के बदलिँदैछन् ?

राष्ट्रिय समाचार समिति

*काठमाडौं, भाद्र ३ गते ।*

सरकारले राहदानीसम्बन्धी विद्यमान कानुनी व्यवस्थालाई समयसापेक्ष बनाउन 'राहदानी ऐन, २०७६' लाई संशोधन गर्न बनेको विधेयक, २०८३' सङ्घीय संसद्मा प्रस्तुत गरेको छ । विधेयकले राहदानी जारी गर्ने प्रक्रियादेखि कूटनीतिक तथा विशेष राहदानीको प्रयोग, विदेशमा रहेका नेपालीलाई राहदानी उपलब्ध गराउने व्यवस्था, राहदानी रोक्का तथा रद्द गर्ने आधार र राहदानी दुरुपयोगमा हुने सजायसम्मका विषयमा महत्वपूर्ण परिवर्तन प्रस्ताव गरेको छ ।




परराष्ट्र मन्त्रालयका अनुसार विश्वव्यापीकरणसँगै रोजगारी, अध्ययन, व्यापार-व्यवसाय तथा अन्य प्रयोजनका लागि विदेश जाने नेपालीको संख्या बढिरहेको अवस्थामा राहदानीसम्बन्धी कानुनलाई अन्तरराष्ट्रिय मान्यताअनुकूल बनाउन संशोधन आवश्यक भएको हो । विधेयकको अर्को प्रमुख उद्देश्य राहदानी वितरणलाई सेवाग्राहीमैत्री बनाउनु तथा राहदानी जारी नगर्ने, रोक्का राख्ने वा रद्द गर्ने प्रक्रियामा रहेको द्विविधा हटाउनु रहेको छ ।

**विदेशमा रहेका नेपालीका सहज बनाउने प्रस्ताव**

विधेयकको महत्वपूर्ण पक्ष विदेशमा रहेका नेपाली नागरिकलाई राहदानी सेवा उपलब्ध गराउने व्यवस्थासँग सम्बन्धित छ । प्रस्तावित व्यवस्थाअनुसार विदेशमा रहेका नेपालीको जैविक विवरणसहितको राहदानी आवेदन सङ्कलन गर्न परराष्ट्र मन्त्रालयले निजी क्षेत्र वा अन्य संस्थामार्फत समेत व्यवस्था मिलाउन सक्नेछ । यसबाट विदेशमा रहेका नेपालीलाई राहदानीका लागि आवेदन दिन सहज हुने सरकारको अपेक्षा छ ।

हाल राहदानीका लागि विभाग, नेपाली नियोग वा जिल्ला प्रशासन कार्यालयलगायतका निकायमार्फत आवेदन दिने व्यवस्था रहेकामा विधेयकले आवेदन सङ्कलन गर्ने निकायलाई थप व्यवस्थित र जिम्मेवार बनाउने प्रस्ताव गरेको छ । विभागबाहेक अन्य निकायमा आवेदन परेमा त्यस्तो निकायले आवश्यक जाँचबुझ गरी विभागमा राहदानी जारी गर्न सिफारिस गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । विभागले आफ्नो अभिलेखसँग विवरण भिडाएर राहदानी जारी गर्नेछ ।

**आवेदन दिएकोभन्दा फरक स्थानबाट पनि राहदानी लिन सकिने**

विधेयकले राहदानी वितरणमा पनि केही लचकता ल्याउने प्रस्ताव गरेको छ । राहदानीका लागि नेपाली नियोगमा आवेदन दिएको तर राहदानी प्राप्त गर्नुअघि आवेदक नेपाल फर्किएको अवस्थामा विभागबाट राहदानी वितरण गर्न सकिनेछ । त्यसैगरी नेपालमा आवेदन दिएर राहदानी प्राप्त गर्नुअघि विदेश गएको अवस्थामा सम्बन्धित नेपाली नियोगबाट राहदानी वितरण गर्न बाधा नपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । यसले आवेदन दिएको स्थानमै अनिवार्य रूपमा पुगेर राहदानी लिनुपर्ने अवस्थाबाट सेवाग्राहीलाई केही राहत दिने देखिन्छ ।

**राहदानी रोक्का वा जारी नगर्ने आधार थप स्पष्ट**

विधेयकले राहदानी जारी नगर्ने वा रोक्का राख्ने अवस्थालाई पनि विस्तृत रूपमा परिभाषित गरेको छ । राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, अपहरण, लागुऔषध ओसारपसार, अवैध हातहतियार कारोबार, सङ्गठित अपराध तथा आतङ्कवादसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धान अधिकारीको सिफारिसमा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिने प्रस्ताव छ । त्यस्तै, गम्भीर फौजदारी कसुरमा अदालतमा मुद्दा चलिरहेको अवस्था, अदालतको आदेश, नेपाल सरकार वा अदालतबाट विदेश जान रोक लगाइएको अवस्था तथा राहदानी जारी गर्ने निकायले आधार र कारणसहित निर्णय गरेको अवस्थामा समेत राहदानी रोक्का राख्न सकिने प्रस्ताव छ । विदेशी मुलुकमा शरणार्थीको दर्जा प्राप्त गरेको वा शरणार्थीका लागि आवेदन दिएको व्यक्तिको राहदानीसम्बन्धी व्यवस्था पनि विधेयकमा राखिएको छ । तर यस्तो अवस्थामा पनि यात्रा अनुमतिपत्र जारी गर्न बाधा नपर्ने स्पष्ट गरिएको छ ।

**रोक्का गरिएको राहदानीबारे तीन दिनभित्र जानकारी**

विभागले कुनै कारणले राहदानी जारी गर्न नसक्ने भए सम्बन्धित आवेदकलाई तीन दिनभित्र जानकारी दिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । त्यस्तै, अनुसन्धान वा अदालतसम्बन्धी कारणबाट रोक्का राखिएको अवस्थामा अदालतबाट राहदानी जारी गर्न आदेश भएमा राहदानी जारी गर्न सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ । मुद्दामा सफाइ पाएमा वा दोषी ठहर भएको अवस्थामा कानुनबमोजिम सजाय भुक्तान गरेपछि समेत राहदानी जारी गर्न सकिने व्यवस्था विधेयकमा छ ।

**नक्कली कागजात प्रयोग गरेर राहदानी लिनेहरूमाथि कडाइ**

विधेयकले नक्कली वा कीर्ते कागजात प्रयोग गरी राहदानी लिने, अरूको नाममा राहदानी लिने, दोहोरो नागरिकता वा परिचयपत्र प्रयोग गर्ने तथा आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिने कार्यलाई कसुरका रूपमा स्पष्ट गरेको छ । त्यस्तै, राहदानीमा अधिकारप्राप्त अधिकारीबाहेक अन्य व्यक्तिले विवरण परिवर्तन गर्ने, झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गर्ने र जुन प्रयोजनका लागि राहदानी जारी भएको हो । त्यसबाहेक अन्य प्रयोजनमा प्रयोग गर्ने कार्यलाई समेत कसुर मानिने प्रस्ताव गरिएको छ ।

**राहदानी दुरुपयोग गरे पाँच लाखसम्म जरिवाना र तीन वर्षसम्म कैद**

प्रस्तावित सजायसम्बन्धी व्यवस्थाले राहदानी दुरुपयोगमा तुलनात्मक रूपमा कडा दण्डको प्रस्ताव गरेको छ । नक्कली वा कीर्ते परिचयपत्र प्रयोग गर्ने, अरूको नामको वा दोहोरो परिचय प्रयोग गर्ने, आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिने, अरूको राहदानी बदनीयतपूर्वक नियन्त्रणमा राख्ने, राहदानीको निर्धारित प्रयोजनबाहेक प्रयोग गर्ने वा ऐनविपरीत बदनियतपूर्वक अन्य कार्य गर्ने कसुरमा रु दुई लाख देखि रु पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुने प्रस्ताव छ ।

एक वर्षभन्दा बढी जन्म मिति फरक पारेर राहदानी लिने कसुरमा १० हजार जरिवाना, झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गर्ने कसुरमा रु एक लाखदेखि दुई लाखसम्म जरिवाना र ऐनविपरीत बदनयीतपूर्वक अन्य कार्यमा ३० हजारदेखि एक लाखसम्म जरिवाना प्रस्ताव गरिएको छ ।

**कूटनीतिक र विशेष राहदानीको दायरा स्पष्ट**

विधेयकले कूटनीतिक तथा विशेष राहदानी कसलाई र कुन आधारमा जारी गर्ने भन्ने प्रक्रियालाई थप स्पष्ट गर्न खोजेको छ । कूटनीतिक राहदानी सरकारी कामका लागि विदेश भ्रमण गर्ने तोकिएका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई सम्बन्धित निकायको सिफारिसका आधारमा विभागले जारी गर्ने प्रस्ताव छ ।

सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णयअनुसारको सिफारिस तथा प्रदेश सरकार वा स्थानीय तहको निर्णयअनुसार मनोनयन भएका व्यक्तिका हकमा सम्बन्धित मन्त्रालयको सिफारिसका आधारमा राहदानी जारी गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

विशेष राहदानीको हकमा पनि सरकारी कामका लागि विदेश जाने तोकिएका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई समान प्रकारको सिफारिस प्रक्रियाबाट राहदानी जारी गर्ने प्रस्ताव छ ।

**कूटनीतिक राहदानी लिएर निजी भ्रमण गर्न पाउने सीमा**

विधेयकले कूटनीतिक तथा विशेष राहदानीको प्रयोगलाई समेत सीमित गर्न खोजेको छ यस्तो राहदानी सरकारी कामको सिलसिलामा विदेश भ्रमणबाहेक सामान्य रूपमा प्रयोग गर्न नपाइने प्रस्ताव छ । तर सरकारी भ्रमणमा जाँदा नेपाल नफर्किएसम्म भ्रमण कार्यक्रमबाहेक बढीमा ३० दिनसम्म व्यक्तिगत भ्रमण गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ ।

विदेशस्थित नियोगमा कार्यरत कर्मचारीले नियोगबाट रमाना लिएर नेपाल नफर्किएसम्म बढीमा ९० दिनसम्म व्यक्तिगत भ्रमण गर्न सक्ने प्रस्ताव छ । सरकारी पदबाट मुक्त वा निलम्बित भएपछि कूटनीतिक वा विशेष राहदानी निश्चित अवधिभित्र विभागमा बुझाउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ । तर तोकिएको सार्वजनिक पद धारण गरिरहेको व्यक्तिले तोकिएको अवधिसम्म यस्तो राहदानी आफूसँग राख्न सक्नेछ ।

**कूटनीतिक राहदानीको मर्यादा कायम गर्नुपर्ने**

विधेयकले कूटनीतिक तथा विशेष राहदानी प्रयोगकर्तालाई आफ्नो पदको गरिमा कायम राख्न र नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी राहदानी प्रयोग गर्नुपर्ने दायित्व प्रस्ताव गरेको छ । नेपाल सरकारले कूटनीतिक, विशेष वा सर्भिस राहदानी जुनसुकै बेला फिर्ता लिन वा रद्द गर्न सक्ने व्यवस्था पनि राखिएको छ ।

**अस्थायी राहदानीको नयाँ व्यवस्था**

विधेयकले अस्थायी राहदानीलाई राहदानीको छुट्टै प्रकारका रूपमा समेटेको छ। विद्यमान ऐनमा रहेको व्यवस्थालाई विस्तार गर्दै विभागले निश्चित अवस्थाहरूमा दुई वर्ष अवधिको अस्थायी राहदानी जारी गर्न सक्ने प्रस्ताव गरिएको छ ।

आवेदक स्वयं सम्बन्धित निकायमा उपस्थित हुन नसक्ने अवस्था, विदेशमा रहेका नेपाली नागरिकका १६ वर्ष उमेर पुगेका तर नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेका सन्तान र विशेष अवस्थामा आवश्यक कागजात बनाउन नसकेका व्यक्तिका लागि यस्तो राहदानी जारी गर्न सकिने प्रस्ताव छ ।

**विदेशमा जन्मिएका नेपाली सन्तानका लागि राहदानीको बाटो**

विदेशमा जन्मिएका नेपाली नागरिकका सन्तानका लागि पनि विधेयकले विशेष व्यवस्था प्रस्ताव गरेको छ । विदेशमा रहेका नेपाली बाबुबाट जन्मिएका सन्तान, नेपाली आमा र विदेशी बाबुबाट विदेशमा जन्मिएका सन्तान तथा नेपाली आमा विदेशमा रहेका बेला जन्मिएका र बाबु पत्ता नलागेका सन्तानका हकमा विशेष प्रक्रियाबाट राहदानी जारी गर्न सकिने प्रस्ताव छ ।

यस्ता अवस्थामा सम्बन्धित नेपाली नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी राहदानीका लागि आवेदन दिन सकिने प्रस्ताव गरिएको छ । यस्तो अवस्थामा विभागले आवश्यक जाँचबुझ गरी पाँच वर्ष बहाल रहने साधारण राहदानी जारी गर्न सक्नेछ । विधेयकले भने नेपालको प्रचलित कानुनअनुसार नाबालक परिचयपत्र प्राप्त गर्ने योग्यता नै नपुगेको नाबालकको नाममा

*- बाँकी पृष्ठ ३ मा*

## चकलेट खुवाएर बलात्कार...

टायर बालेर प्रदर्शन गरेका छन् । घटनामा संलग्नलाई हदैसम्मको कारवाहीको माग राख्दै स्थानीयले दसधुरेसहित पथलैया, जीतपुरमा प्रदर्शन गरेका हुन् । पथलैया र जीतपुरको प्रदर्शन स्थगित भएपनि दसधुरेमा भने राजमार्ग अवरोध यथावत छ । स्थानीयले कानून संसोधन गरेर भएपनि दोषीलाई फाँसीको सजाय हुनुपर्ने माग राखेका छन् । यता जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले घटनाप्रति दुःख व्यक्त गर्दै दोषीलाई कडा सजायको माग गरेका छन् भने अनुसन्धानका लागि स्थानीय सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । एक विज्ञप्ति जारी गर्दै पौडेलले जीतपुरसिमरा-२ स्थित सरस्वती आधारभूत विद्यालयमा बाल कक्षा (नर्सरी)मा अध्ययनरत बालिकाप्रति श्रद्धान्जली व्यक्त गर्न बिहीबार सम्पूर्ण विद्यालयमा शोकसभा राख्न समेत अपिल गरेका छन् ।

## राहदानी ऐन संशोधन विधेयक...

राहदानी जारी गर्न नपाइने पनि स्पष्ट गरेको छ ।

**राहदानीको म्याद बाँकी छँदै नयाँ राहदानी**

विधेयकले राहदानीको म्याद सकिन बाँकी रहेकै अवस्थामा पनि निश्चित परिस्थितिमा नयाँ राहदानी जारी गर्न सकिने व्यवस्था विस्तार गरेको छ । राहदानी पुरानो भएर पढ्न नसकिने, च्यातिएको वा भुत्रो भएको, विवरणमा त्रुटि भएको, पाना भरिएको, महिलाको थर परिवर्तन भएको वा विभागमा तयार भइसकेको राहदानी वितरण हुनुअघि हराएको वा नासिएको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिने प्रस्ताव छ । नाबालकले १६ वर्ष उमेर पुगेपछि नयाँ राहदानी लिन चाहेमा समेत यस्तो व्यवस्था लागू हुने प्रस्ताव छ ।

**राहदानी रद्द गर्ने अधिकार थप निकायसम्म**

राहदानी रद्द गर्ने प्रक्रियामा पनि परिवर्तन प्रस्ताव गरिएको छ । विभाग र नियोगबाहेक जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको अन्य निकायलाई समेत निश्चित अवस्थामा राहदानी रद्द गर्ने प्रक्रियामा समेट्ने प्रस्ताव छ । नक्कली, कीर्ते, अरूको नामको वा दोहोरो नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी प्राप्त गरेको अवस्थामा राहदानी रद्द गर्न सकिनेछ । अधिकारप्राप्त अधिकारीबाहेक अन्य व्यक्तिले राहदानीको विवरण परिवर्तन गरेमा पनि राहदानी रद्द गर्न सकिने प्रस्ताव छ । रद्द गरिएको राहदानीको सक्कलप्रति विभागमा उपलब्ध हुन नसकेमा त्यसबारे इन्टरपोललाई जानकारी दिनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

**आवेदनमा सक्कल कागजातको बाध्यता हटाइने**

विधेयकले राहदानी आवेदन प्रक्रियामा पनि केही सरलीकरण प्रस्ताव गरेको छ ।

नागरिकताको प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्रको सक्कल र प्रतिलिपि बुझाउनुपर्ने व्यवस्थाको सट्टा सम्बन्धित प्रमाणपत्र मात्र पेस गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । यसको उद्देश्य आवेदन प्रक्रियालाई सरल बनाउनु रहेको विधेयकको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ ।

**थप आर्थिक भार नपर्ने**

विधेयकमा सरकारले विद्यमान संरचनाकै उपयोग गरेर प्रस्तावित व्यवस्था कार्यान्वयन गर्न सकिने भएकाले राज्यलाई थप आर्थिक दायित्व नपर्ने दाबी गरेको छ । राहदानी प्राप्त गर्ने प्रक्रिया थप सहज र सरल हुने तथा ऐन संशोधनका कारण नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने आर्थिक टिप्पणीमा उल्लेख छ ।

**समग्रमा के बदलिन्छ ?**

प्रस्तावित विधेयकलाई हेर्दा यसको मुख्य उद्देश्य राहदानीलाई केवल विदेश यात्राका लागि आवश्यक कागजातका रूपमा व्यवस्थापन गर्नु मात्र नभई राहदानी जारी गर्ने, वितरण गर्ने, रोक्का राख्ने, रद्द गर्ने र दुरुपयोग नियन्त्रण गर्ने सम्पूर्ण प्रणालीलाई थप स्पष्ट र व्यवस्थित बनाउनु देखिन्छ ।

विशेषगरी विदेशमा रहेका नेपालीका लागि जैविक विवरण सङ्कलनको वैकल्पिक व्यवस्था, आवेदन गरेको स्थानभन्दा फरक स्थानबाट राहदानी वितरण गर्न सकिने प्रावधान, अस्थायी राहदानीको स्पष्ट व्यवस्था तथा विदेशमा जन्मिएका नेपाली सन्तानका लागि विशेष राहदानी प्रक्रियाले विदेशमा रहेका नेपालीलाई प्रत्यक्ष प्रभाव पार्न सक्छन् । अर्कोतर्फ, राहदानीको दुरुपयोग, नक्कली कागजात, अरूको राहदानी प्रयोग तथा राहदानीमा अनधिकृत रूपमा विवरण परिवर्तन गर्ने कार्यलाई स्पष्ट कसुर बनाएर आर्थिक जरिवाना र कैदको व्यवस्था प्रस्ताव गरिएकाले राहदानीको दुरुपयोग नियन्त्रणतर्फ पनि विधेयकले जोड दिएको छ ।

यस अर्थमा विधेयक पारित भएमा नेपालको राहदानी व्यवस्थापन प्रणालीमा सेवा प्रवाह, विदेशमा रहेका नेपालीको पहुँच, कूटनीतिक तथा विशेष राहदानीको प्रयोग र दुरुपयोग नियन्त्रणसम्बन्धी कानुनी आधारमा महत्वपूर्ण परिवर्तन आउनेछ । यद्यपि, विधेयक संसद्बाट पारित भइ कार्यान्वयनमा नआएसम्म यी प्रस्तावहरू विद्यमान कानुनका बाध्यकारी व्यवस्था भने होइनन् ।

**विश्वव्यापीकरण सुहाउँदो राहदानी ऐन संशोधन हुँदैछ : परराष्ट्रमन्त्री**

परराष्ट्रमन्त्री शिशिर खनालले मौजुदा राहदानी ऐन, २०७६ मा रहेका व्यवस्था अपुरो भएकाले समयसापेक्ष रूपमा परिमार्जन तथा परिवर्तन गरी ऐन संशोधन गर्नुपर्ने आवश्यकता औँल्याउन भएको छ । उनका अनुसार अहिलेको विश्वव्यापीकरणको युगमा नेपालबाट रोजगारी, अध्ययन, व्यापार-व्यवसाय तथा अन्य विभिन्न प्रयोजनका लागि विदेशी मुलुकमा जाने नेपाली नागरिकहरूको संख्या दैनिक रूपमा बढ्दै गइरहेको आवस्थामा ऐन संशोधन गर्नुपरेको हो ।

अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठनका नवीनतम मान्यतालाई सम्बोधन गरी मौजुदा राहदानी ऐन संशोधन गरी जारी गर्नुपर्ने र सोहीअनुसार नियमित र व्यवस्थित गर्नुपर्ने राज्यको दायित्वसमेत सिर्जना भएको मन्त्री खनालको भनाइ छ ।

अन्तरराष्ट्रिय मान्यताअनुसार राहदानी जारी गर्नु, अस्थायी, कूटनीतिक तथा विशेष राहदानीसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नु, राहदानीको वितरण प्रक्रियालाई सेवाग्राहीमुखी बनाउनु, राहदानी रद्द गर्ने, जारी नगर्ने वा रोक्का राख्ने प्रक्रियालाई स्पष्ट पारी हाल कायम रहेको द्विविधा हटाई सहज र व्यावहारिक बनाउनु, विशेष अवस्थामा विदेशमा रहेका नाबालकलाई नियोगद्वारा जारी गरिनुपर्ने अस्थायी राहदानीको विषयमा व्यवहारमा देखिएका समस्याको समाधान गर्नु, कसुर र सजायलाई समयसापेक्ष बनाई राहदानीको दुरुपयोग भए-गरेमा दण्ड-सजायको व्यवस्था गर्नु यस विधेयकका मुख्य उद्देश्य रहेका छन् । परराष्ट्रमन्त्री खनालका अनुसार वदेश भ्रमणमा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गरी राहदानीसम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न नयाँ विधेयक पेस गरिएको हो ।

## ११ हजार सरकारी कर्मचारी...

जानकारी दिए । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.७२ प्रतिशत विन्दुले बढी हो । २०८१ चैतदेखि २०८२ साउनसम्म ५५६ उजुरी दर्ता भएकामा ४१२ वटा अर्थात् ७४.१० प्रतिशत उजुरी फछ्र्यौट भएका थिए ।

वर्तमान सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे सूचीमा कर्मचारी आचारसंहिताको पूर्ण कार्यान्वयनलाई प्राथमिकता दिइएको छ । सोहीअनुसार केन्द्रले सरकारी कार्यालयको अनुगमन, छड्के जाँच तथा कारबाहीलाई तीव्र बनाएको जनाएको छ । केन्द्रका अनुसार आगामी दिनमा छानबिन, निगरानी, अनुगमन, छड्के जाँच तथा अनुसन्धानमा डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई) र डेटा विश्लेषणको प्रयोग विस्तार गरिनेछ। साथै 'हेलो सरकार', प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सरोकारवाला निकायसँगको समन्वयलाई थप प्रभावकारी बनाइने केन्द्रले जनाएको छ ।

संशोधित भ्रष्टाचार निवारण ऐनसँग सामञ्जस्य कायम हुने गरी केन्द्रसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि तथा कार्यसञ्चालन प्रक्रिया पनि अद्यावधिक गरिने बताइएको छ ।

**गुनासो कहाँ गर्ने ?**

सरकारी कर्मचारीले आचारसंहिता पालना नगरेको, तोकिएको काम नगरेको वा सरकारी कार्यालयमा अनियमितता तथा भ्रष्टाचार भएको सम्बन्धमा केन्द्रमा सूचना तथा गुनासो दिन सकिनेछ ।

केन्द्रका प्रवक्ता भट्टका अनुसार यस्ता गुनासा ०१४२००३४५ नम्बरको हटलाइनमा फोन गरेर टिपाउन सकिन्छ । सरकारी कर्मचारीको शंकास्पद सम्पत्तिसम्बन्धी सूचना पनि सोही माध्यमबाट दिन सकिने केन्द्रले जनाएको छ ।

## विवाहको उमेर नघटाउन...

सरकारले ल्याएको बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयनमा तीनै तहका सरकार तथा निजी क्षेत्रले सहकार्य गर्नुपर्नेमा जोड दिए । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले बालविवाहले विकराल रूप लिन सक्ने भएकाले यसको अन्त्यका लागि सरकारले विभिन्न प्रयास गरिरहेको जानकारी दिए ।

राष्ट्रिय मानवअधिकार आयोगकी उपसचिव गीता दाहालले बालविवाहलाई निरुत्साहित गर्न राज्यसँगै परिवार, समुदाय र सम्बन्धित सबै पक्षको भूमिका महत्वपूर्ण रहेको बताइन् । नेपालको संविधानको धारा ३० ले बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था गरेको छ । त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले २० वर्ष उमेर नपुगी गरिने विवाहलाई दण्डनीय कसुरका रूपमा व्यवस्था गरेको छ ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले कम उमेरमा विवाह गरी सन्तान जन्माउँदा मातृ तथा शिशु स्वास्थ्यमा जोखिम बढ्नुका साथै जन्म तथा मृत्यु दरमा समेत प्रतिकूल असर पर्न सक्ने बताए ।

सम्मेलनको पहिलो दिन बालबालिकाका लागि विनियोजित बजेटको कार्यान्वयन र उपलब्धिको नियमित लेखापरीक्षण आवश्यक रहेकामा सांसद, विज्ञ र सरोकारवालाहरूले जोड दिए ।

प्रतिनिधिसभा सदस्य एवं महिला तथा सामाजिक मामिला समितिका सदस्य ज्ञानु पौड्यालले बाल उत्तरदायी बजेटको व्यवस्था भए पनि त्यसको प्रभावकारी लेखापरीक्षण हुन नसकेको उल्लेख गर्दै बालबालिकाका लागि विनियोजित बजेटको कार्यान्वयन र उपलब्धिको नियमित लेखापरीक्षण आवश्यक रहेको बताइन् । 'बाल उत्तरदायी बजेट राखिएको छ । त्यसको लेखापरीक्षण हुन सकेको छैन । त्यो हुन जरुरी छ । लेखापरीक्षण भए बालबालिकाको क्षेत्रमा कति विकास भयो भन्ने थाहा हुन्छ' उनले भनिन् ।

सांसद पौड्यालले बाल सुधार गृहमा रहेका बालबालिकाको अवस्था सुधार गर्न आवासीय विद्यालय सञ्चालनका लागि पहल सुरु गरिएको जानकारी दिइन् ।

राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले बालबालिका बेचबिखनको पूर्ण अन्त्य हुनुपर्ने तथा बालबालिकाको अधिकार व्यवहारमै सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् ।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य गौरी प्रधान, राष्ट्रिय बालअधिकार परिषद्का सदस्यसचिव दुर्गाप्रसाद चालिसे, केन्द्रीय बालकल्याण समिति पूर्वकार्यकारी निर्देशक तारक धिताल तथा गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराईलगायतले बालबालिकाको सुरक्षा, संरक्षण र अधिकार सुनिश्चित गर्न राज्य तथा सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्ने धारणा राखे ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४४३१२२४६


(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिबारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।



# मन्त्री फेरबदलको तयारी छैन : रवि लामिछाने



**न्युज एजेन्सी नेपाल**

*काठमाडौं, भाद्र ३ गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीभित्र मन्त्री फेरबदल गर्ने कुनै तयारी नरहेको स्पष्ट पारेका छन्। बुधबार सिंहदरबारमा रास्वपा संसदीय दलको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् ।

मन्त्रीहरूको कार्यक्षमतालाई लिएर केही प्रश्न उठे पनि अहिले नै मन्त्री फेरबदल गर्ने पक्षमा नरहेको उनले प्रष्ट पारे । उनले सरकारलाई प्रश्न गर्ने अधिकार सबैसँग रहेको र रास्वपाका सांसदहरूले पनि प्रश्न सोध्ने गरेको उल्लेख गरे ।

त्यसलाई मन्त्री परिवर्तनसँग जोडेर हेर्न नहुने उनको भनाइ छ । लामिछानेले आफू र प्रधानमन्त्री वालेन्द्र साहबीच कुनै मतभेद वा विवाद नरहेको पनि बताएका छन् ।

उनले दुई नेताबीच विवाद रहेको समाचारले आफूहरूलाई झन् नजिक ल्याउने टिप्पणी गरे ।

उनले प्रधानमन्त्री साहले सामाजिक सञ्जालमा ‘एक्लै लडिरहेको छु’ भनेर लेखेका विषयलाई राजनीतिक अर्थमा व्याख्या गर्न नहुने पनि बताए । प्रधानमन्त्री कलाकार र कवि पनि भएकाले उनको अभिव्यक्तिका प्रत्येक शब्दमा राजनीतिक अर्थ खोज्न आवश्यक नरहेको बताए । उनले सिङ्गो पार्टी प्रधानमन्त्रीसँगै उभिएको जिकिर गरे ।

उनले भने, ‘सरकारमाथि प्रश्नहरू आउनु स्वाभाविक हो, त्यसलाई अस्वाभाविक लिँदैनौं । पार्टीभित्रै पनि हामी प्रश्नहरू सोध्ने गरेका छौं, हामी गर्छौं प्रश्न गर्ने हाम्रो एउटा परिपाटी पनि छ। त्यसैलाई नै सम्बोधन गर्नको निमित्त हामीले यो छलफल राखेका हौं । यसको अर्थ कुनै मन्त्री फेर्ने तयारी बिल्कुल छैन ।’

# चिकित्सक र उच्च तहका कर्मचारीको काज फिर्ता

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र ३ गते ।*

मधेश प्रदेश सरकारले लामो समयदेखि दरबन्दी रहेको भन्दा अन्य कार्यालयमा काजमा कार्यरत स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई दरबन्दी भएको ठाउँमै फर्काउने निर्णय गरिएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य क्षेत्रका नवौंदेखि एघारौं तहसम्मका १४ जना कर्मचारीलाई दरबन्दी रहेकै कार्यालयमा काज फिर्ता गरेको छ ।

काज फिर्ता निर्णयमा स्वास्थ्य शिक्षा प्रशासक एघारौं तहका सुरोज चन्द्र न्यौपाने रहेका छन् । काजमा आएर स्वास्थ्य निर्देशनालय मधेश प्रदेश कार्यालय सपहीका निर्देशक रहेका उनलाई दरबन्दी भएको प्रदेश स्वास्थ्य तालिम केन्द्र, पथलैयामा काज फिर्ता गरिएको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार वरिष्ठ स्वास्थ्य प्रशासकतर्फका दशौं तहका डा. नवलकिशोर झालाई स्वास्थ्य निर्देशनालय, सपहीमा काज फिर्ता गरिएको छ। निर्देशनालयमा दरबन्दी रहेका उनी काजमा स्वास्थ्य कार्यालय सर्लाहीमा प्रमुख थिए ।

यस्तै, इन्टर्नल मेडिसिन तर्फका डा. विपिनकुमार झालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय फर्काइएको छ । कार्यालयको अतिरिक्तमा राखिएका उनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा काजमा कार्यरत थिए । प्रादेशिक अस्पताल गौर, रौतहटमा दरबन्दी रहेका जनरल फिजिसियन डा.सञ्जीतकुमार झा, बालरोग विशेषज्ञ डा. रवीन्द्रकुमार साह, रेडियोलोजिस्ट डा. गिरीरञ्जन प्रधान, एनेस्थेसियोलोजिस्ट डा. रौशनकुमार साह र मनोचिकित्सक डा. दिव्यांशु झालाई प्रादेशिक अस्पताल गौरमा काज फिर्ता गरिएको छ ।




गौर अस्पतालमा दरबन्दी रहेका उनीहरू काजमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत्त थिए ।

त्यसैगरी प्रादेशिक अस्पताल मलंगवा, सर्लाहीमा दरबन्दी रहेका बालरोग विशेषज्ञ डा.जितेन्द्र जयसवाल र गाइनोक्लोजिष्ट डा.बृजमोहनकुमार रजकलाई पनि सम्बन्धित दरबन्दी कायम रहेको कार्यालयमा फिर्ता गरिएको छ। उनीहरू प्रादेशिक अस्पताल जनकपुरमै लामोसमयदेखि काजमा कार्यरत थिए ।

प्रादेशिक अस्पताल कलैया, बारामा दरबन्दी रहेका बालरोग विशेषज्ञ डा.विकासकुमार साह र एनेस्थेसियोलोजिस्ट डा.संदीप शर्मालाई पनि काज फिर्ता गरिएको छ। उनीहरू पनि प्रादेशिक अस्पताल जनकपुरमा काजमा कार्यरत थिए ।

यस्तै, प्रादेशिक अस्पताल सिरहामा दरबन्दी रहेका जनरल मेडिसिन तर्फका डा.कृष्णकुमार यादव र अर्थोपेडिक सर्जन डा.रवि श्रीवास्तवलाई समेत दरबन्दी भएकै स्थानमा फर्काइएको छ । यादव प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत थिए भने डा. श्रीवास्तव प्रादेशिक अस्पताल जलेश्वरमा कार्यरत थिए ।

विभिन्न स्थानमा दरबन्दी भएपनि पछिल्लो समय प्रदेश राजधानी जनकपुरधामस्थित प्रादेशिक अस्पताल जनकपुरमा चिकित्सकहरू बस्न बढी रुचाउने गरेका छन् । यही कारण अन्यत्रबाट काजमा आएर बस्ने गरेको देखिन्छ। त्यस्तै, अन्यत्र दरबन्दी भएपनि मालदार अड्डामा काजमा गएर बस्ने प्रवृत्ति पनि रहेको छ । यी विकृतिहरूलाई हटाउने प्रयास स्वरूप दरबन्दी भएकै स्थानमा कामकाज गर्ने गरी काजफिर्ताको नीति लिएको सरकारको दाबी छ ।

# ११ हजार सरकारी कर्मचारी कारबाहीमा

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, भाद्र ३ गते ।*

राष्ट्रिय सतर्कता केन्द्रले पछिल्लो चार महिनामा ११ हजार चार जना सरकारी कर्मचारीलाई अनुशासन उल्लङ्घन गरेको भन्दै कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको केन्द्रका अनुसार गत चैतदेखि साउनसम्म ९२४ सरकारी कार्यालयमा गरिएको अनुगमनका क्रममा ती कर्मचारी अनुशासन उल्लङ्घनमा परेको पाइएको हो ।

केन्द्रका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टका अनुसार अनुगमनका क्रममा आचारसंहिता तथा समय पालना नगर्ने १० हजार २६८ जना, तोकिएको पोशाकमा उपस्थित नभएका ६४५ जना र कार्यालयको कार्यकक्षमा नभेटिएका ९१ जना कर्मचारी कारबाहीमा परेका छन् ।

केन्द्रले अनुशासन उल्लङ्घन गर्ने कर्मचारीमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्न सम्बन्धित कार्यालय तथा निकायलाई निर्देशन दिएको जनाएको छ ।

सरकारी कार्यालय र कर्मचारीसँग सम्बन्धित गुनासोको संख्या पनि पछिल्लो समय बढेको केन्द्रले जनाएको छ। गत चैतदेखि साउनसम्म केन्द्रमा एक हजार २९८ वटा उजुरी दर्ता भएका थिए। तीमध्ये एक हजार ११४ वटा अर्थात् ८५.८२ प्रतिशत उजुरी फछ्र्यौट भएको प्रवक्ता भट्टले

- बाँकी पृष्ठ ३ मा

# विवाहको उमेर नघटाउन आग्रह

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, भाद्र ३ गते ।*

विवाह गर्ने विद्यमान कानुनी उमेर २० वर्ष नै कायम राख्न सरोकारवालाले जोड दिएका छन् । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बुधवार काठमाडौँमा आयोजना गरेको दुई दिने बालअधिकार सिकाइ-सम्मेलनको दोस्रो दिन बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय संवादमा विवाहको उमेर घटाउन नहुने धारणा व्यक्त गरिएको हो ।



विवाहको न्यूनतम उमेर २० वर्षबाट घटाएर १८ वर्ष कायम गर्न विद्यमान कानुनमा संशोधनको प्रस्ताव ल्याउनुभन्दा बालविवाह अन्त्यका लागि प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा राष्ट्रियसभा सदस्य रोशनी मेचेले बालविवाह न्यूनीकरणमा सीमित नभई यसको पूर्ण अन्त्यका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताइन् । केन्द्रीय बालकल्याण समितिका पूर्वकार्यकारी निर्देशक तारक धितालले विवाहको कानुनी उमेर घटाउँदा बालबालिकाको शैक्षिक, मानसिक, आर्थिक तथा सामाजिक जीवनमा नकारात्मक असर पर्नुका साथै प्रजनन स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने विभिन्न अध्ययनले देखाएको बताए । उनले चीन, दक्षिण कोरिया र भारतलगायत मुलुकमा २० वर्षपछि विवाह गर्ने कानुनी व्यवस्था रहेको उल्लेख गर्दै नेपाल

- बाँकी पृष्ठ ३ मा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री